व्यास नगर कार्यपालिकाको २३९ औं बैठक आज मिति२०८३/२/२८ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. | - श्री रामप्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

**प्रस्ताव नं.१: मिति २०८३/२/२२ को २३८ औ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।**

**प्रस्ताव नं.२: ४५ औं नगर सभा आव्हान गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं.३: सामुदायिक योग भवन निर्माणमा स्थान परिवर्तन गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं.४: योजनाहरुको म्याद थप सम्बन्धमा ।**

**प्रस्ताव नं.५: असुलउपर गर्नुपर्ने बेरुजु रकम सम्बन्धमा ।**

**प्रस्ताव नं.६: समता विद्यालयमा रिक्त सुरक्षाकर्मी नियुक्ति सम्बन्धमा ।**

**प्रस्ताव नं.७: सहकारी मार्फत बिक्री हुने दुधमा र खसी/बोका मासुमा किसानलाई अनुदान कार्यक्रममा सहकारी संस्थाहरु छनौट सम्बन्धमा ।**

**प्रस्ताव नं.८: महेन्द्रज्योति मा.वि. मा रहेको विशेष कक्षा सम्बन्धमा ।**

**प्रस्ताव नं.९: आगामी कार्यपालिका बैठक सम्बन्धमा ।**

**प्रस्ताव नं.१०: आवश्यक विधेयक तयारी सम्बन्धमा ।**

**प्रस्ताव नं.११: बाटो लगत कट्टा गर्ने सम्बन्धमा ।**

**प्रस्ताव नं.१२: योजना परिवर्तन सम्बन्धमा ।**

**प्रस्ताव नं.१३: फूलखेती छनौटको लामग्राही छनौट सम्बन्धमा ।**

**प्रस्ताव नं.१४: राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

**प्रस्ताव नं.१५: करार कर्मचारी सम्बन्धमा ।**

**प्रस्ताव नं.१६: विपद्जन्य कार्य एवं अत्यावश्यक बजेट विनियोजन सम्बन्धमा ।**

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०२/२२ गते भएको २३८ औं कार्यपालिकाका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४५ औं नगर सभा मिति २०८३/३/१० गते बिहान ११:३० बजे नगर सभा कक्षमा बस्ने गरी आवश्यक प्रबन्ध गर्न प्रमुख प्रशासकीय अधिकृत एवं सभाका सदस्य सचिवलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८२/०८३ को बजेट कार्यक्रममा व्यास २ मा सामुदायिक योग भवन निर्माण गर्न बजेट शीर्षक नं.८९६ मा रू.१८,००,०००। (अठार लाख) विनियोजन भएकोमा वडा नं.२ मा आवश्यक जग्गा फेला नपरेकोले उक्त योजना आगामी वर्ष सम्पन्न गर्ने गरी व्यास ३ व्यासको शिवपाञ्चायन विकास समितिको परिसर भित्र योग तथा प्रवचन भवन निर्माण गर्ने गरी सम्बन्धित समितिसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित योजनाहरुको निर्माण सम्पन्न अवधि सकिन लागेकाले सम्बन्धित निर्माण व्यवसायीलाई लिखित प्रतिवद्धता गरी निम्नानुसार म्याद थप गर्ने निर्णय गरियो ।लिखित प्रतिवद्धता नगरेमा र कामको प्रगति नदेखिएमा नियमानुसार कार्यबाही प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| **क्र.सं.** | **आयोजनाको नाम** | **म्याद थपको अस्था** |
|---|---|---|
| १. | पराशर मार्गको हकमा | २०८३ असार १२ गतेसम्म |
| २. | गतविगतको समयदेखि ५० प्रतिशत भन्दा बढी म्याद थप भएका ९० प्रतिशत भन्दा कम प्रगति भएका ठेक्काको हकमा | असार १५ गते |

**निर्णय नं.५**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा म.ले.प. प्रतिवेदन २०८३ मा उल्लेखित असुलउपर गर्नुपर्ने बेरुजु रकम २०८३ आषाढ २५ गतेभित्र सम्बन्धित प्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति र निर्माण व्यवसायीबाट असुलउपर गराउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास ७ शेषमटारमा सञ्चालित व्यास नगर समता विद्यालयमा कार्यरत सुरक्षाकर्मी श्री महेन्द्र कुमालले राजिनामा गरी रिक्त हुन आएको पदमा १८ वर्ष पुगेको ४५ वर्ष ननाघेको व्यक्तिहरुबाट ७ (सात) दिने खुला प्रतिस्पर्धा गराई नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिलाई अधिकार प्रत्यायोजित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा पशुपन्छी विकास उपशाखाको आ.व. २०८२/०८३ का वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सहकारी मार्फत विक्री हुने दुधमा किसानलाई अनुदान कार्यक्रम र सहकारी मार्फत बिक्री हुने खसी/बोका मासुमा किसानलाई अनुदान कार्यक्रममा आर्थिक विकास समितिबाट सिफारिस भए बमोजिम तपसिल अनुसारका सहकारी संस्थाहरु छनौट गर्ने र यस आ.व.को श्रावण महिनादेखि असार १२ गतेसम्मको दुध, खसी/बोका संकलन/बिक्री वितरणमा अनुदान प्रदान गर्ने गरी सम्झौता एवं आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित शाखा/उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**सहकारी मार्फत विक्री हुने दुधमा किसानलाई अनुदान तर्फ (सि.नं.१३४)**

| क्र.सं. | सहकारी संस्थाको नाम, ठेगाना | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १० | कृष्णप्रसाद पौडेल | |
| २. | बेलबास दुग्ध उत्पादक सहकारी संस्था लि, व्यास १३ | केशवबहादुर थापा | |
| ३. | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १० | हरिभक्त अधिकारी | |
| ४. | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास ५ | हिराबहादुर सापकोटा | |
| ५. | चारकुने दुग्ध उत्पादक सहकारी संस्था लि., व्यास १ | रामचन्द्र पन्त | |
| ६. | पोखरीभन्ज्याङ दुग्ध उत्पादक सहकारी संस्था, व्यास १३ | विष्णुहरि सेढाई | |
| ७. | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था लि, व्यास ८ | तिलाकुमारी रेग्मी | |

**सहकारी मार्फत बिक्री हुने खसी/बोका मासुमा किसानलाई अनुदान तर्फ (सि.नं.१३५)**

| क्र.स. | सहकारीको नाम | अध्यक्षको नाम | कैफियत |
|---|---|---|---|
| १ | शुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था लि., व्यास ८ | तिला कुमारी रेग्मी | |
| २ | आधारशिला सामाजिक उद्यमी महिला सहकारी संस्था लि.,व्यास १२ | मनिसरा थापा | |

**निर्णय नं.८**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास ६ शिशाघाट महेन्द्रज्योति मा.वि. मा रहेको विशेष बौद्धिक अपाङ्गता स्रोत कक्षालाई प्रकृति मिल्दो श्री सिन्धु प्रा.वि.-व्यास ५ मा व्यवस्थापन गर्ने गरी महेन्द्रज्योति मा.वि. बाट हटाई २०८३/४/१ गतेबाट विद्यार्थी, शिक्षक, कर्मचारी समेतलाई स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्तावर नं.९ का सम्बन्धमा छलफल हुँदा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान बजेट पारित गरी नगर सभामा पेश गर्नका लागि मिति २०८३/३/५ गते शुक्रबार दिउँसो १:०० बजे कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास उर्जा विकास ऐन, २०८३ पारित भएका स्थानीय ऐन संशोधन प्रस्ताव लगायत अन्य विषयहरुको मस्यौदा विधेयक तयारी गरी पेश गर्न विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ मा रहेको घाँसीकुवा, फराकचौर व्यास १० अँधेरीभञ्ज्याङ हुँदै कलेस्ती निस्कने पराशर भागको बाटो लगत कट्टाका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुबाट कार्यान्वयन हुन नसकेका योजनाहरु निम्नानुसार परिवर्तन गर्ने गरी सिफारिस गरी आएकाले आगामी नगर सभाबाट अनुमोदन हुने गरी योजना परिवर्तन गर्ने निर्णय गिरयो ।

| क्र.सं. | वडा नं. | योजना/कार्यक्रमको नाम | परिवर्तित योजना बजेट | शिर्षक नं. | कोड नं. | रकम |
|---|---|---|---|---|---|---|
| १. | १४ | छाब्दी मन्दिर परिसरमा अपाङ्मैत्री शौचालय निर्माण | अपाङ्गहरुको लागि ह्वील चियर खरिद | ३११५९ | ८४७ | १,००,०००। |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समिति मार्फत सिफारिस भई प्राप्त भएको "पुष्पखेती प्रवर्द्धन तथा विस्तार कार्यक्रम" बाट देहाय बमोजिमका कृषक/कृषि फर्महरुलाई सयपत्री फूलखेती कार्यका लागि लाभग्राहीको रुपमा छनौट गर्ने निर्णय गरियो ।

| क्र.स. | समूह/सहकारी/फर्मकोनाम | ठेगाना | सम्पर्कव्यक्ति | सम्पर्क नं | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|
| १. | चापाघाट कृषि फर्म | व्यास-५ | विष्णुमाया श्रेष्ठ | ९८६६००१५५२ | ३ |
| २. | कृष कृषि तथा पशु फर्म | व्यास-१० | तारादेवी श्रेष्ठ | ९८०६६८९२३० | २ |
| ३. | मानतिरी वर्ड फर्म | व्यास-१३ | मानबहादुर आले | ९८०५८४०२०४ | २ |
| ४. | टिकामाया कैनी | व्यास-११ | | ९८४६१३७९६९ | २ |
| ५. | चन्द्रावती कमली | व्यास-११ | | ९८४६२३६०५७ | २ |
| ६. | गोमा दाहाल | व्यास-११ | | ९८४६६२९३८३ | २ |
| ७. | सन्तोष थापा | व्यास-१४ | | ९८४६९१२१७१ | १ |
| ८. | गौरी पण्डित क्षेत्री | व्यास-४ | | ९८१६६६०८३१ | १० आना |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र व्यास नगरपालिकाको लागत साझेदारी गरी आन्तरिक रोजगारी सिर्जनाका लागि कुल बजेट रकम रू.९,४४,०००। मध्ये पहिलो चरणमा ३ वटै वडाहरुमा विनियोजित रकमको आयोजना सम्पन्न भएकोले सो शीर्षकमा बाँकी रहने रकम रू.१,४४,०००। लाई थप रोजगारी सृजनाको लागि देहायका वडाहरुलाई देहाय बमोजिमका बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | विनियोजित बजेट |
|---|---|---|---|
| १. | ६ | सिन्धु मार्ग लगायत वडामा रहेका अन्य मार्गहरुमा रहेका नालाहरुको सरसफाई | ७०,०००/- |
| २. | १३ | ओटाङ्गदी पाईप खन्ने पुर्ने आयोजना | ७४,०००/- |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आउने प्राविधिक र प्रशासनिकतर्फका कर्मचारीहरु पदस्थापन गर्दा हाल बहालमा रहेका करार सेवाका कर्मचारीहरु स्वतः हट्ने भएकाले यसरी हटाउँदा कनिष्ठताका आधारमा हटाउँदै जाने निर्णय गरियो । साथै यस नगरपालिकामा करार सेवामा पाँचौं र छैटौं तहका कर्मचारी रहेकोमा दुवै तहका कर्मचारी पाँचौं तहको दरबन्दीमा नियुक्त भएकाले हाल बहाल रहेका पाँचौं र छैटौं जुनसुकै तहको भएपनि दुवै मध्ये नियुक्ति मितिको आधारमा कनिष्ठलाई हटाउँदै जाने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा विपदजन्य एवं अत्यावश्यक निम्न लिखित कार्यहरुमा असार १५ सम्म सम्पन्न गर्ने गरी रकम विनियोजन गर्ने गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शर्षीक |
|---|---|---|---|---|
| १. | व्यास नगरपालिकाको पहिचान हुने लोगो निर्माण | | ५०,०००/- | ६६ |
| २. | विश्व वातावरण दिवस वकृत्वकला प्रतियोगिता आदिकवि भानुभक्त क्याम्पस | १ | ४००००/- | ७२ |
| ३. | सुना घडेरी स्ट्रेट- २ नाला व्यवस्थापन पाइप खरिद | १ | ५००००/- | ९७४/९७५ |
| ४. | बेद अनुयायी गौसेवाका लागि काउमेट खरिद | ३ | १५,०००/- | ३५३ |
| ५. | चिण्टुटार हाडीगाउँ फुटवल प्रतियोगिता सहयोग | ५ | ३०,०००/- | ११७/११८ |
| ६. | 99"s क्लव फुटवल प्रतियोगिता सहयोग | ५ | ३०,०००/- | ११७/११८ |
| ७. | कटुवा कुलो संरक्षण मन बहादुर श्रेष्ठ | ६ | ५०,०००/- | ८७८ |
| ८. | शिशाघाट बजार उपत्यका अधुरो नाला निर्माण | ६ | २,००,०००/- | ९७४/९७५ |
| ९. | चिज बहादुर कामी, आरन व्यवस्थापन सहयोग | ७ | १५,०००/- | ११५ |
| १०. | शितलगुफा टोल अन्तर्गत खानेपानी मोटर खरिद | १० | ३८,०००/- | २५८ |
| ११. | अम्बिका लामिछानेको हावाहुरी बाटो गोठमा असर राहत | १० | १५,०००/- | २५८ |
| १२. | पासहाङ्ग कृषि पशु फर्म, घाँस काट्ने मेशिन खरिद | ११ | १,७००/- | ७२ |
| १३. | आशा पाण्डे, ८ बच्चा सहित सुत्केरी हुन नसकी बंगुर मृत्यु राहत | ११ | १८,०००/- | २<br>६७ |

***